## पोजेटिभ देखिए के गर्ने ?

### थर्मोकोगुलेसन (Thermocoagulation)

भीआइएको नतिजा पोजेटिभ देखियो र क्यान्सर सुरुवाती चरण मात्रै छ भने महिलाहरूलाई थर्मोकोगुलेसनद्वारा उपचार गर्न सकिन्छ । थर्मोकोगुलेसन एक सरल र प्रभावकारी उपचार विधि हो जसले पाठेघरको मुखमा भएका असामान्य कोषिकाहरूलाई नष्ट गर्न मद्दत गर्दछ । यसमा अस्पताल भर्ना हुनु पर्दैन र उपचार धेरै छिटो, सामान्यतया केही मिनेटभित्रै पूरा हुन्छ । तुलनात्मक रूपमा यो विधि पीडारहित मानिन्छ र कम खर्चमा पूरा हुन्छ । थर्मोकोगुलेसन उपचारको क्रममा र उपचारपछि सामान्य असरहरू देखिन सक्छन्,

- उपचारको समयमा वा पछि हल्का तल्लो पेट दुख्न सक्छ । सामान्यतया केही समयपछि ठीक हुन्छ ।
- उपचारपछि केही दिनसम्म योनिबाट पानी जस्तै तरल पदार्थ वा थोरै रगत बग्न सक्छ । यो उपचारको सामान्य प्रतिक्रिया हो । पछि यस्ता समस्या हराउँदै जान्छन् ।

**थर्मोकोगुलेसन बाहेक उपचारका अन्य विधिहरु पनि उपलब्ध छन् ।**

पाठेघर निकालेर फाल्दैमा पाठेघरको मुखको क्यान्सरबाट बच्न सकिँदैन ।





थर्मोकोगुलेसनद्वारा उपचार गरेको ४ हप्ता सम्म यौन सम्पर्क गर्नु हुँदैन । यसले उपचार गरेको ठाउँलाई पूर्ण रूपमा निको हुन मद्दत गर्दछ । उपचार गरेको १ वर्षपछि फेरि भीआइए (VIA) परीक्षण गराउनु पर्दछ ।

पाठेघरको मुखको क्यान्सर लाग्नुभन्दा १० देखि १५ वर्षअघि नै थाहा पाउन सकिन्छ । यसका लागि तीनदेखि पाँच वर्षमा नियमित परीक्षण गराउनु पर्छ ।

## बच्ने उपायहरू




- ९ देखि १४ वर्ष उमेर समूहका किशोरीहरूलाई HPV विरुद्धको खोप लगाउने।
- तीस वर्ष माथिका महिलाहरूले नियमित पाठेघरको मुखको परीक्षण गराउने ।
- महिनावारीको बेला स्वास्थ्य र सरसफाइमा ध्यान दिने ।
- बीस वर्ष पूरा भएपछि मात्र विहे गर्ने र बच्चा जन्माउने ।
- सुरक्षित यौन व्यवहार गर्ने ।
- धेरैजनासँग यौन सम्पर्क नराख्ने ।
- धूम्रपान/ मद्यपान नगर्ने ।
- स्वस्थ खानपान, नियमित व्यायाम, र तनाव व्यवस्थापनले समग्र स्वास्थ्यलाई राम्रो बनाउँछ । क्यान्सरको जोखिम घटाउन मद्दत गर्छ ।
- पाठेघर वा यौन सम्बन्धी कुनै लक्षण देखा परेमा तुरुन्तै स्वास्थ्यकर्मीसँग परामर्श गर्ने ।

**थप जानकारीका लागि स्क्यान गर्नुहोस्:**



## किन बुझ्नु जरूरी छ ?

# पाठेघरको मुखको क्यान्सर



FEMALE CANCER FOUNDATION

Karuna foundation Nepal
Saving children from disability, one by one

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य तालिम केन्द्र
कोशी प्रदेश, धनकुटा

## पाठेघरको मुखको क्यान्सर के हो ?

पाठेघरको मुखको क्यान्सर पाठेघरको मुखमा (cervix) हुने क्यान्सर हो । मुख्यत यो क्यान्सर पाठेघरको मुखको कोषिकाहरूमा हुन्छ । ह्युमन प्यापिलोमा भाइरस (HPV) नामक भाइरसले पाठेघरको मुखको क्यान्सर गराउँछ ।



### नेपालको अवस्था

एक अनुमानित तथ्यांक अनुसार दैनिक लगभग **६ जना महिलामा यो क्यान्सर** देखिएको छ भने त्यसमध्ये लगभग **४ जनाको मृत्यु** हुने गरेको छ ।

लक्षण नदेखिए पनि **३० देखि ६० वर्ष उमेरका सबै महिलाले** कम्तिमा पाँच वर्षमा एकपटक पाठेघरको मुखको जाँच गराउनुपर्छ । स्वास्थ्य समस्याहरूका बारे कुरा गर्न र जाँच गराउन लाज मान्नु हुँदैन । लाज भन्दा ठूलो स्वास्थ्य हो ।

### नि:शुल्क परीक्षण

कार्यक्रम लागु भएका सरकारी स्वास्थ्य संस्थामा पाठेघरको मुखको जाँच नि:शुल्क गराउन सकिन्छ । विस्तृत थाहा पाउन आफ्नो वडाका महिला स्वास्थ्य स्वयंसेविकासँग कुरा गरौं ।

## बेलैमा पाठेघर जाँच्नुका फाइदा

- बेलैमा जाँच गर्दा पाठेघरको मुखको कोषिकाहरूमा भएका परिवर्तनहरू पत्ता लाग्छ । यसले क्यान्सरको सम्भावना छ कि छैन भन्ने अगाडि नै थाहा पाउन सकिन्छ ।
- क्यान्सर सुरुमै पत्ता लागेमा उपचार प्रभावकारी हुन्छ । कतिपय अवस्थामा सामान्य उपचारमै पनि निको हुनसक्छ ।
- तपाईंको नजिकैको तोकिएका सरकारी स्वास्थ्य संस्थामा वा घुम्ति स्वास्थ्य शिविरहरूमा पाठेघरको मुखको जाँच (स्क्रिनिङ) नि :शुल्क गर्न सकिन्छ ।
- अहिलेको सानो सावधानीले भोलिपर्सि क्यान्सर लाग्दा हुन सक्ने ठूलो खर्च र मानसिक तनावबाट बेलैमा मुक्ति पाउन सकिन्छ ।

**५ मिनेटको पाठेघरको जाँचले ३ देखि ५ वर्षलाई ढुक्क हुन्छ ।**

### कसरी सर्छ ?

**यौन सम्पर्क:** HPV भाइरस यौन सम्पर्क मार्फत सर्दछ । यो भाइरस कण्डम प्रयोग गर्दा पनि सम्पूर्ण रूपमा रोक्न सकिँदैन, तर जोखिम कम गर्न भने सकिन्छ ।

**संक्रमित छालाबाट:** HPV भाइरस संक्रमित छालाको सम्पर्कबाट पनि सर्न सक्छ ।

परिवारमा खुला छलफलले यस क्यान्सरका लक्षण, रोकथामका उपायहरू र उपलब्ध उपचार विधिहरूको बारेमा जानकारी दिन्छ । त्यसैले कुरा गरौ ।




### क्यान्सरका लक्षण

क्यान्सर लाग्नुअघि कुनै पनि लक्षणहरु नदेखिन सक्छ । त्यसैले मलाई केहि भएको छैन भन्दै पाठेघरको नियमित जाँचमा वेवास्ता गर्नु हुँदैन । क्यान्सर भैसकेपछि निम्न लक्षणहरु देखिन सक्छन् ।

- सामान्य महिनावारीको अवस्था बाहेकको समयमा रगत बग्नु
- यौन सम्पर्कका बेला वा पछि रगत आउनु
- योनिबाट असामान्य रङ, गन्ध, वा बनावटको तरल पदार्थ निस्कनु
- पिसाव गर्दा दुख्ने वा पोल्ने हुनु
- निरन्तर पेट/ढाड दुखिरहनु
- यौन सम्पर्क गर्दा दुख्नु
- थकाइ लागिरहनु र तौल घट्दै जानु

## प्रारम्भिक जाँच (स्क्रिनिंग) विधि:





### १.एचपीभी डिएनए (HPV DNA)

यस परीक्षणमा पाठेघरको मुखबाट आवश्यक पर्ने नमूना लिई भाइरस भए नभएको जाँच गरिन्छ । यो विधिबाट स्वयं नमुना संकलन गर्न सकिन्छ ।

### २. भिआइए (VIA)

पाठेघरको मुखको क्यान्सर पहिचान गर्ने अर्को उपयोगी विधि भनेको भिआइए (VIA) हो जुन तालीमप्राप्त स्वास्थ्यकर्मीबाट गरिन्छ । भीआइए पोजेटिभ हुँदैमा क्यान्सर भएको हो भन्न मिल्दैन ।

### ३. प्याप स्मियर (PAP SMEAR)

यो जाँच विधि विशिस्ट अस्पतालहरूमा गरिन्छ जसमा पाठेघरको पानीको जाँच गरिन्छ ।